# बराहताल गाउँपालिका
# गाउँकार्यपालिकाको कार्यालय

कुनाथरी सुर्खेत
कर्णाली प्रदेश, नेपाल

## आ.ब. २०७८/०७९ को नदिजन्य पदार्थको उत्खनन् तथा बिक्रि वितरणको लागि बोलपत्र आब्हान सम्बन्धी सूचना : सूचना

(प्रथम पटक प्रकाशित मिति २०७८/०५/२५ गते)

स्थानिय सरकार सञ्चालन् ऐन, २०७४ को दफा ६२क. र यस बराहताल गाउँपालिका को आर्थिक ऐन, २०७५ को दफा ९ को व्यवस्था बमोजिम तपसिलमा उल्लेखित नदिहरुको स्वीकृत घाटहरुबाट निर्धारित मापदण्ड बमोजिम नदिजन्य पदार्थ उत्खनन गरि बराहताल गाउँपालिकाले तोकेको दरमा बिक्रि गर्ने गरि ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति, फर्म वा कम्पनिहरुले फर्मको नवीकरण भएको प्रमाणपत्र, मु.अ.कर दर्ता प्रमाणपत्र, आ.ब. २०७६/७७ को कर चुक्ता प्रमाणपत्र र नेपाली नागरिकताको प्रमाणपत्र को प्रमाणित प्रतिलिपिहरु संलग्न गरि तपसिल बमोजिमका शर्तहरुको अधिनमा रही बोलपत्र प्रकृयामा सहभागी हुन सम्बधित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । अन्य थप जानकारीका लागि यस गाउँकार्यपालिकाको सूचना पाटी, वेभसाइट www.barahatalmun.gov.np तथा कार्यालय समय भित्र यस कार्यालयको राजश्व शाखामा सम्पर्क राख्न सकिनेछ ।

तपसिल

ढुंगा, गिट्टी, बालुवा, ग्राभेल आदि प्राकृतिक स्रोतको उपयोगमा लिईने करको ठेक्का विवरण

| सी.न | सूचना नं/ बोलपत्र नं | बोलपत्रको नाम | उत्खनन परिमाण(घन.मि) | न्यूनतम बोलपत्र रकम( सेवाशुल्क र मु.अ.कर बाहेक | धरौटी रकम | बोलपत्र दस्तुर (रु) |
|---|---|---|---|---|---|---|
| १ | BRM/NCB/ WORKS/ 078/079-01 | र[illegible]घाट भेरी डोप्का क्षेत्रको नदिजन्य पदार्थ को उत्खनन् तथा बिक्रि वितरण | ३०००० | ३१७५८९० | कबुल अंकको ५ प्रतिशत | ३००० |
| २ | BRM/NCB/ WORKS/ 078/079-02 | बड्डीचौर र चेपांग क्षेत्रमा रहेको सोतखोलाको नदिजन्य पदार्थको उत्खनन् तथा बिक्रि बितिरण | २९५०० | ३१२२९४८.३५ | कबुल अंकको ५ प्रतिशत | ३००० |

शर्तहरु

१. फर्मको हकमा नवीकरण भएको दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०७६/०७७ को करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी/व्यक्तिको हकमा नेपाली नागीरकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी, वोलपत्र फाराम दस्तुर वापत Nabil Bank बड्डीचौर, सुर्खेतमा रहेको यस कार्यालयको आन्तरिक (ग १.१) राजस्व खाता नं ०६९०१०१७५००३४६ मा नगद जम्मा गरेको नगद भौचर साथ निवेदन पेश मिति: २०७८/०६/२४ गते १२ बजे सम्म विधुतीय माध्यम बाट बोलपत्र पेश गर्न बोलपत्रदाताले सार्बजनिक खरिद अनुगमन कार्यालयको https://bolpatra.gov.np/egp/ बाट बोलपत्र सम्बन्धी कागजातहरु डाउनलोड तथा अपलोड गर्न सक्ने व्यवस्था गरियको छ । तोकियाको बोलपत्र दस्तुर यस कार्यालयको वा यस कार्यालयको बैंक खातामा माथि उल्लेखित खाता न.मा जम्मा गरेको भौचरलाई बोलपत्र सम्बन्धि कागजात साथ संलग्न गर्नुपर्ने छ ।

२. वोलपत्र सम्बन्धि फारम भर्दा कवोल रकम अक्षर र अंकमा स्पष्ट उल्लेख गर्न पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ । आफ्ले कवोल गरेको अंकको ५ प्रतिशतको दरले हुन आउने धरौटी रकम यस कार्यालयको धरौटी हि.न. ०६९०१०१७५००३६१ मा जम्मा गरी सोको सक्कल बैंक भौचर नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त बैंकबाट यस कार्यालयको नाममा ठेक्का नं. र नाम उल्लेख गरी १२० दिनको म्याद सहित जारी गरिएको विड वण्ड वोलपत्र साथ पेश गर्न पर्नेछ ।

३ एक फर्म वा संस्थाको नाममा खरिद गरिएको बोलपत्र अर्को फर्म वा संस्थाका नामबाट दाखिला गर्न पाइने छैन ।

४ रीतपूर्वक पर्न आएका वोलपत्रहरु वोलपत्र पेश गर्ने अन्तिम दिन २०७८/०६/२४ गते दिनको २:०० वजे विभिन्न कार्यलयका प्रतिनिधि, निर्माण व्यवसायी वा निजको प्रतिनिधिहरुको रोहबरमा यस कार्यालयमा खोलिनेछ । साथै ठेकेदार वा निजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थित नभएमा बोलपत्र खोल्न बाधा पर्ने छैन । उक्त दिन विदा परेमा उल्लेखित कार्यहरु विदा पछि कार्यालय खुलेको दिनमा गरिनेछ ।

५. नदिजन्य पदार्थहरु नदीलाई नै घाटगद्दी स्थल तोकि सोही निर्धारित स्थलवाट मात्र उत्खनन तथा विक्री वितरण गर्नुपर्ने ।

६. ठेक्का सम्बन्धी विस्तृत जानकारी वोलपत्र फाराममा उल्लेख गरिएको हुंदा सोही पुस्तिकाबाट अवगत गर्न वा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

७. म्याद नाघी, रीत नपुगी र/वा शर्तसहित पेश हुन आएका वोलपत्रहरु स्वीकार गर्न यस कार्यालय वाध्य हुनेछैन । वोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा खरिद प्रक्रिया रद्ध गर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

८. तोकिएको म्यादभित्र पट्टा उठाउन नआएमा राखिएको धरौटी रकम जफत गरी नियमानुसार ठेक्का वन्दोवस्त गरिनेछ ।

९. ठेक्का अबधी २०७८ सालको सम्झौता मिति देखि २०७९ सालको जेष्ठ मसान्त सम्म हुनेछ । र सो अवधी पश्चात मौज्दात प्रमाणित गरिने छैन ।

१०. यस गाउँपालिकाको नदि तथा खोलाहरुको उत्खनन क्षेत्र र उत्खनन परिमाणका सन्दभर्मा स्थानीय सरकार सञ्चालन ऐन २०७४को दफा ११ घ (१), घ (२), र घ (६) मा भएको व्यवस्था, यस सम्बन्धी प्रचलित ऐन नियम, नदिजन्य निर्माण सामाग्रीहरुको उपयोग सम्बन्धमा भएको प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन (IEE) एवं नेपाल सरकारबाट भएका निर्देशनहरु, वा उल्लेखित प्रावधान विपरित हुने गरी कार्य गर्न पाईने छैन ।

११. साथै यस कार्यालयबाट गरिएको प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन यस ठेक्का सम्झौताको अभिन्न अंग रहनेछन् ।

१२. बोलपत्र पेश गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा सोको लगतै पछिको कार्यालय खुल्ने दिन उल्ले दिन उल्लेखित कार्य हुनेछ ।

१३. दरभाउ पत्र स्वीकृत भएपछि कबोल अंकको पुरै रकम नबिल बैंक बड्डीचौर, सुर्खेत शाखामा रहेको आन्तरिक राजस्व खाता नं. ०६९०१०१७५००३४६ मा जम्मा गरेको सक्कल भौचर कार्यालयमा दाखिला भयपछीमात्र उक्त कार्यको कार्यादेश चलान पुर्जी दिइने छ ।

**प्रमुख प्रशासकिय अधिकृत**